# हरिहरपुरगढी गाउँपालिका

| स्थानीय राजपत्र | | |
|---|---|---|
| खण्ड : ९ | संख्या : १३ | गाउँ सभाबाट पारित मिति : २०८२।०३।३० |

**भाग-१**

**हरिहरपुरगढी गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**झनझने, सिन्धुली**

**बागमती प्रदेश, नेपाल**

नेपालको संविधानको धारा २२६ बमोजिम हरिहरपुरगढी गाउँ सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

<u>प्रमाणीकरण तथा प्रकाशित मिति</u>

२०८२।०३।३०

## अस्थायी/ करार सेवा वा सेवा करारमा कार्यरत कर्मचारीहरुलाई उपलब्ध गराइने सेवा सुविधाका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८२

**प्रस्तावना :**

हरिहरपुरगढी गाउँपालिकाको कार्यालयमा अस्थायी, करार सेवा वा सेवा करारमा कार्यरत कर्मचारीहरुको मनोवल उच्च बनाई सेवा प्रति समर्पण भई कार्यसम्पादन क्षमता अभिवृद्धि गर्न अस्थायी/करार सेवा वा सेवा अस्थायी/करार सेवा वा सेवा करारमा कार्यरत कर्मचारीहरुलाई उपलब्ध

गराइने सेवा, सुविधा र शर्त सम्बन्धी कानून बनाउन बाञ्छनीय भएकोले नेपालको संबिधान २०७२ को धारा २२६ बमोजिम हरिहरपुरगढी गाउँपालिकाको गाउँसभाले यो ऐन स्वीकृत गरी लागू गरेको छ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "अस्थायी/करार सेवा वा सेवा करारमा कार्यरत कर्मचारीहरुलाई उपलब्ध गराइने सेवा सुविधाका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८२ रहेको छ।

(२) यो ऐन २०८२ साउन १ गते देखि लागू हुनेछ ।

**२. परिभाषा**: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

क. **"ऐन"** भन्नाले अस्थायी/ करार सेवा वा सेवा करारमा कार्यरत कर्मचारीहरुलाई उपलब्ध गराइने सेवा सुविधाका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८२ सम्झनुपर्छ ।

ख. **"कार्यपालिका"** भन्नाले हरिहरपुरगढी गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

ग. **"गाउँपालिका"** भन्नाले हरिहरपुरगढी गाउँपालिकालाई सम्झनु पर्दछ ।

घ. **"सभा"** भन्नाले हरिहरपुरगढी गाउँपालिकाको सभा सम्झनु पदर्छ ।

ङ. **"अध्यक्ष"** भन्नाले हरिहरपुरगढी गाउँपालिकाको अध्यक्षलाई सम्झनु पदर्छ ।

झ. "**प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले हरिहरपुरगढी गाउँ कार्यपालिकाको प्रमुखलाई सम्झनु पदर्छ ।

ञ. **"कार्यालय"** भन्नाले हरिहरपुरगढी गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनुपर्छ । सो शब्दले वडा प्रशासनिक इकाई ,वडा समितिको कार्यालय र स्वास्थ्य संस्थालाई समेत सम्झनु पर्दछ ।

च. **"कर्मचारी"** भन्नाले विभिन्न पद, तह र स्तरमा यस कार्यालयमा कार्यरत संङ्घीय, प्रदेश तथा स्थायी, अस्थायी सेवा करार र करार सेवामा कार्यरत कर्मचारीहरुलाई सम्झनुपर्छ ।

छ. **"सुविधा"** भन्नाले कार्यालयमा कार्यरत कर्मचारीहरु जुनसुकै कारणले सेवा निवृत सुविधावापत दिइने एकमुष्ठ रकम सम्झनु पदर्छ ।

## परिच्छेद-२

## सेवा सुविधा सम्बन्धी व्यवस्था

**३. कर्मचारीको म्याद थप सम्बन्धी व्यवस्थाः-**

(१) यस ऐन वमोजिम अस्थायी सेवा करार वा करार सेवामा कार्यरत सबै तह र स्तरका कर्मचारीहरुको प्रत्येक आर्थिक वर्षको अन्त्यमा कार्यपालिकाले म्याद थप गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम म्याद थपिने कर्मचारी कार्यालयको अभिलेखमा स्वीकृत दरवन्दी भित्र रहेको हुनुपर्नेछ।

**४. अभिलेख व्यवस्थापनः** यो ऐन स्वीकृत भएको मितिले ३० दिन भित्र स्वीकृत दरवन्दीमा अस्थायी करार सेवा वा सेवा करारमा कार्यरत सम्पूर्ण कर्मचारीहरुको अभिलेख तयार गरी प्रमुख प्रशासकीय अधिकृतबाट प्रमाणित गरिएको हुनुपर्नेछ ।

**५. सेवा सुविधा सम्बन्धी व्यवस्था**

१. यस ऐन बमोजिम कार्यरत कर्मचारीहरुलाई देहाय वमोजिम सेवा सुविधा प्रदान गरिनेछः-

(क) निजामती कर्मचारी सरह पोशाक भत्ता वापतको एकमुष्ठ रकम,

(ख) निजामती कर्मचारी सरह वार्षिक एक पटक चाडपर्व खर्च,

(ग) प्रत्येक महिना व्यतित भएपछि कार्यपालिकाले तोकिएको बमोजिम सम्झौतामा उल्लिखित पारिश्रमिक रकम,

(घ) कार्यालयको कामको शिलशिलामा कुनै स्थानमा भ्रमण खटाइएमा स्वीकृत भ्रमण आदेश बमोजिम नियम अनुसारको भ्रमण खर्च,

**६. बिदा सम्बन्धी व्यवस्थाः-**

(१) यस ऐन बमोजिम कार्यरत कर्मचारीहरुले तपशिल अनुसार विदाको सुविधा पाउनेछन्, तर एक आर्थिक वर्षको विदा अर्को आर्थिक वर्षमा भने संचित हुने छैन।

(क) भैपरी र पर्व विदाः वार्षिक १२ दिन

(ख) विरामी विदाः वार्षिक १२ दिन (संचित नहुने)

(ग) घर विदाः वार्षिक १५ दिन (संचित नहुने)

(घ) प्रसुती विदाः ९८ दिन अघि वा पछि।

(ङ) प्रसुती स्याहार विदाः १५ दिन (२ पटक)

(च) किरिया विदाः १५ दिन

**७. कोषको व्यवस्थाः** यस ऐन बमोजिम कार्यरत रहि सामाजिक सुरक्षा कोषमा आवद्ध कर्मचारीहरुलाई दिइने सुविधाको लागि गाउँपालिकाले एक कोष स्थापना गर्नेछ। उक्त कोषमा अन्य सुविधाको अतिरिक्त प्रत्येक महिना पाउने तलब बमोजिम ११% रकम कट्टा गरी सो रकममा गाउँपालिकाबाट २०% प्रतिशत रकम थप गरी कोषमा जम्मा गरिनेछ। उक्त कोषको सञ्चालन कानून बमोजिम हुनेछ।

**८. कार्यसम्पादन मूल्याङ्कनः** यस ऐन बमोजिम कार्यरत कर्मचारीहरुको प्रत्येक वर्ष करार सेवामा कार्यरत कर्मचारीहरुको कार्य सम्पादन स्तर मूल्याङ्कन तथा नयाँ अवधिको लागि करार सम्झौता मापदण्ड २०७८ बमोजिम हुनेछ।

## परिच्छेद-३
## विविध

**९. पदमुक्त हुने अवस्थाः-** यस ऐन बमोजिम अस्थायी, करार सेवामा वा सेवा करारमा कार्यरत कर्मचारीहरु देहायका अवस्थामा मात्र पद मुक्त हुनेछः

(क) प्रचलित कानून बमोजिम लोकसेवा आयोगवाट स्थायी, अस्थायी सेवा करारमा वा करार सेवामा नियुक्ति भएको कर्मचारीहरुको दरबन्दीमा स्थायी पदपूर्ती भएमा,

(ख) निजले राजिनामा दिएमा,

(ग) विभागीय कार्वाही भएमा,

(घ) कार्यपालिकाले म्याद थप नगरेमा,

(ङ) खण्ड (घ) मा जुनसुकै कुरा लेखिएको भएतापनि प्रचलित कानून बमोजिम विभागीय कारबाहीको प्रकृया अवलम्बन र आवश्यक सजाय भने प्रमुख प्रशासकीय अधिकृतवाट गरिनेछ ।

(च) करार सेवामा कार्यरत कर्मचारीहरुको कार्यसम्पादन मूल्याङ्कन तथा थप अवधिको लागि करार सम्झौता सम्बन्धी मापदण्ड, २०७८ अनुसार तोकिएको न्यूनतम अंक प्राप्त नगरेमा ।

**१०. कर्मचारीको दायित्वः** (१) यस ऐन बमोजिम कार्यरत कर्मचारीले कार्यालयको निर्देशनमा निजको पद तह योग्यता र अनुभव बमोजिम जुनसुकै प्रकृतिको काम र समयमा आफ्नो सेवा उपलब्ध गराउन पर्नेछ।

(२) उपदफा (१) बमोजिमको कार्य नगरेमा ऐन बमोजिमको अधिकारीले उक्त कर्मचारीलाई विभागीय कार्वाहीको प्रकृया अवलम्बन गरी सजाय गर्न सक्नेछ।

**११. दण्ड सजायः-** यस ऐन बमोजिम कार्यरत कर्मचारीलाई प्रचलित निजामती सेवा ऐन वमोजिम नै दण्ड सजाय हुनेछ।

**१२. नियम बनाउन सक्नेः** यस ऐनको अधिनमा रहि गाउँ कार्यपालिकाले आवश्यक नियम तथा कार्यविधि बनाउन सक्नेछ।

**१३. बाधा अड्काउ फुकाउने अधिकारः-** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा परेमा गाउँ कार्यपालिकाले निर्णय गरी त्यस्ता वाधा अड्काउ फुकाउन सक्नेछ र निर्णय गाउँ सभाले अनुमोदन गरेमा यस ऐनमा परे सरह मानिनेछ ।

**मूल्य : ५/-**

**<u>आज्ञाले</u>**
**दिपेन्द्र कुमार पैकरा**
**प्रमुख प्रशासकीय अधिकृत**